# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, ज्येष्ठ १० गते २०२८ साल

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

नेपालबाट भारत बाहेक अन्य मुलुकहरूमा सामान निकासी गरी परिवर्त्य विदेशी मुद्रा आर्जन गर्ने निर्यातकर्ताहरूले आर्थिक वर्ष ०२७।२८ सालदेखि आर्जन गरेको विदेशी मुद्रामा श्री ५ को सरकारको निर्णयानुसार पाउने बोनस सुविधा माग गर्ने, उपयोग गर्ने र ल्याप्स हुन गई नविकर गर्नु पर्ने भएमा यसै आर्थिक वर्ष ०२७।०२८ देखि देहायबमोजिम गर्ने निर्णय भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

(१) निर्यात व्यापारबाट आर्जन भएको विदेशी विनिमय भुक्तानी नेपालमा प्राप्त भएको तीन महीनाभित्र आवश्यक प्रमाण सहित नेपाल राष्ट्र बैंकसंग बोनसको माग गर्नु पर्दछ ।

(२) सम्पूर्ण बोनस रकम नेपाल राष्ट्र बैंकले प्रमाणित गरेको मितिले १ वर्षभित्रमा सम्बन्धित पार्टिले उपयोग गरिसक्नु पर्दछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) दफा (२) अनुसार १ वर्षभित्र सम्बन्धित पार्टिले बोनस उपयोग गर्न नसकी ल्याप्स भएमा ल्याप्स हुन गएको मितिले दुई महीनाभित्रमा नेपाल राष्ट्र बैंकमा नविकरणको लागि दरखास्त दिनु पर्दछ र देहायको कारणहरूबाट ल्याप्स भएको खण्डमा नेपाल राष्ट्र बैंकले एक पटकसम्म नविकरण गरी दिनेछः–

(क) श्री ५ को सरकारबाट म्यादभित्र आयात इजाजतपत्र नदिई ल्याप्स भएको भए ।

(ख) आयात प्रतितपत्रको म्यादभित्र विदेशी निर्यात कर्ताले प्रतितपत्र बमोजिमको सामान चलान नगरी प्रतितपत्रको पूरा रकम नै उपयोग गर्न नसकेको भए ।

(४) मिति २०२४ साल फाल्गुण ७ गतेको खण्ड १७ संख्या ४४ भाग ४ मा प्रकाशित बोनस सम्बन्धी यस मन्त्रालयको सूचना रद्द गरिएको छ ।

नोटः– यो सूचनामा उपयोग भन्नाले विदेशबाट सामान आयात गर्न नेपाली बैंक मार्फत विदेशी मुद्रामा प्रतितपत्र खोलिएकोलाई जनाउँदछ ।

आज्ञाले–
हरिहरजङ्ग थापा
श्री ५ को सरकारको विशेष सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।